# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मिति: २०८३।०३।०२ गते।

# प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको।**

जिल्ला डोटी, बडीकेदार गाउँपालिकाले आ.व २०७७/७८ मा प्रकाशित ठेक्का नं.२/०७७/०७८ बमोजिमको एक्स्काभेटर भाडामा दिने ठेक्कामा राजस्व रकम सङ्कलन नगरी हानिनोक्सानी गरेको भन्नेसमेत व्यहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा बडीकेदार गाउँपालिका, डोटीका तत्कालीन अध्यक्ष कृष्ण बहादुर चन्द, उपाध्यक्ष इन्द्रा कुमारी बोहरा, निमित्त प्रमुख प्रशासकीय अधिकृत दिपक राज जैशी, सब-इन्जिनियर दान बहादुर पछेरा, लेखापाल युवराज भट्ट, भागरथी निर्माण सेवा, धनगढी-५, कैलाली तथा सोको सञ्चालक पशुपति जोशी र अख्तियार प्राप्त व्यक्ति केशव बहादुर बम समेतको आपसी मिलेमतो तथा योजनामा आर्थिक वर्ष २०७७/७८ मा गाउँपालिकाको स्वामित्वमा रहेको एक्स्काभेटर भाडामा दिने सम्बन्धमा (ठेक्का नं. ०२/०७७/०७८) बडीकेदार गाउँपालिकाको एक्स्काभेटर तथा अन्य हेवी मेसिनरी सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७४ को दफा ७.८ मा एक्स्काभेटरको न्यूनतम मासिक भाडा दर रू. ५,००,०००/- (पाँच लाख रूपैयाँ) रहेको जानकारी हुँदाहुँदै मिति २०७७/०७/२३ गते कार्यपालिका बैठकबाट बदनियतपूर्वक विना कुनै प्राविधिक आधार निर्देशिकामा उल्लिखित न्यूनतम दर भन्दा कममा मासिक रू. ४,५०,०००/- (चार लाख पचास हजार) मा एक्स्काभेटर भाडामा दिने निर्णय गरे गराएको; उक्त ठेक्काको सूचना प्रदेश स्तरको दैनिक पत्रिकामा प्रकाशन नगरी नगराई ठेक्का सम्बन्धी सूचना सोही कार्यपालिकाको निर्णयानुसार भनी मिति २०७७/०७/२६ गते प्रथम पटक १५ दिने सूचना कार्यालयको सूचना पाटीमा मात्र प्रकाशन गरी गराई सोही बमोजिम मिति २०७७/०८/१० गते टेण्डर फर्म उपलब्ध गराउन भनी ३ ओटा फर्मले निवेदन पेस गरे गराएको देखिएको; उक्त ठेक्कामा प्रतिस्पर्धा भएको देखाउने गरी ३ वटा नै फर्म उल्लेख गरी तुलनात्मक चार्ट तयार गरी गराई भागरथी निर्माण सेवाले कबोल गरेको दररेट सबैभन्दा बढी भएकोले निज व्यक्ति/फर्मसँग सम्झौता गर्न मनासिब देखिन्छ भनी बदनियत पूर्वक गलत सिफारिस/प्रतिवेदन दिए दिन लगाएको; भागरथी निर्माण सेवा, धनगढी-५, कैलालीबाट सूचनाको शर्त बमोजिमको कार्यसम्पादन जमानत दाखिला नगराई पूर्व योजनाबमोजिम मिति २०७७/०९/०१ गते देखि २०७८ असार मसान्तसम्म सम्झौता कायम रहने एक्स्काभेटर प्रयोग गर्न सम्झौता गरी मासिक रू.४,५१,५००/- का दरले एक्स्काभेटर प्रयोग गर्न कार्यदेश प्रदान गरेको देखिएको; उक्त एक्स्काभेटर भाडामा दिने ठेक्काको सम्बन्धमा पटकपटक सम्झौतापत्र माग गर्दा सरकारी कागजात लुकाई नष्ट गरेको देखिएको; भागरथी निर्माण सेवा, धनगढी-५, कैलालीले मिति २०७७/०९/०१ देखि मिति २०७८/०७/१२ सम्म (१० महिना १२ दिन) बडीकेदार गाउँपालिकाको एक्स्काभेटर आफ्नो अधीनमा राखी करिब ८४० घण्टा एक्स्काभेटर प्रयोग प्रचलनमा ल्याई लाभ प्राप्त गरेको सो बापत बुझाउनुपर्ने रकम मासिक रू.४,५१,५००/- को दरले जम्मा रू.४६,९५,६००/- **(छयालीस लाख पन्चान्नब्बे हजार छ सय)** गाउँपालिकालाई बुझाउनुपर्ने रकम मिलेमतोमा हालसम्म पनि राज्य कोषमा दाखिला नगरी नगराई सार्वजनिक सम्पत्ति हिनामिना हानिनोक्सानी दुरूपयोग गरे गराएको देखिंदा निज प्रतिवादीहरूको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १२, दफा १७ र दफा १९ को उपदफा (२) बमोजिमको कसुर भएको हुँदा देहाय बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**<u>देहाय</u>**

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रू. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | बडीकेदार गाउँपालिका, डोटीका तत्कालीन अध्यक्ष **कृष्ण बहादुर चन्द** | रू.४६,९५,६००/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रू. छयालीस लाख पन्चान्नब्बे हजार छ सय रूपैयाँ कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ उपदफा (१) को देहाय (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन मागदाबी लिइएको छ। |
| २. | बडीकेदार गाउँपालिका, डोटीका तत्कालीन उपाध्यक्ष **इन्द्रा कुमारी बोहरा** | **रू.४६,९५,६००/-** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रू. छयालीस लाख पन्चान्नब्बे हजार छ सय रूपैयाँ कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ उपदफा (१) को देहाय (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन मागदाबी लिइएको छ। |
| ३. | बडीकेदार गाउँपालिका, डोटीका तत्कालीन निमित्त प्रमुख प्रशासकीय **अधिकृत दिपक राज जैशी** | रू.४६,९५,६००/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रू. छयालीस लाख पन्चान्नब्बे हजार छ सय रूपैयाँ कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ उपदफा (१) को देहाय (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन तथा गलत प्रतिवेदन/सिफारिस गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय हुन तथा प्रमाण नष्ट गर्ने मनसायले आफ्नो जिम्मामा रहेको सरकारी कागजात लुकाई नष्ट गरेको पुष्टि भएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १२ बमोजिमको कसुरमा सोही ऐनको दफा १२ बमोजिम कैद र जरिवाना सजाय हुनसमेत |

| | | | |
|---|---|---|---|
| | | | मागदाबी लिइएको छ। |
| ४. | बडीकेदार गाउँपालिका, डोटीका लेखापाल **युवराज भट्ट** | रू.४६,९५,६००/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रू. छयालीस लाख पन्चान्नब्बे हजार छ सय रूपैयाँ कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ उपदफा (१) को देहाय (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन मागदाबी लिइएको छ। |
| ५. | बडीकेदार गाउँपालिका, डोटीका तत्कालीन सब-इन्जिनियर **दान बहादुर पछेरा** | - | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| ६. | **भागरथी निर्माण सेवा, धनगढी, कैलाली** तथा सोको सञ्चालक **पशुपति जोशी** र अख्तियार प्राप्त व्यक्ति **केशव बहादुर बम** | रू.४६,९५,६००/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरजन्य कार्यको नगद तथा अन्य प्रकृतीको गैरकानुनी लाभ प्राप्त गर्ने मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर भएको हुँदा मुख्य कसूरदारलाई सोही ऐनको दफा १७ बमोजिमको कसुरमा बिगो रू. छयालीस लाख पन्चान्नब्बे हजार छ सय रूपैयाँ कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संसोधन सहित) को दफा ३ को उपदफा (१) देहाय (ङ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुने सजायलाई आधार मानी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम मुख्य कसूरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
सुरेश न्यौपाने